## दंगीशरण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

हेकुली, दाङ ।
५ नं. प्रदेश, नेपाल

# Backhoe Loader र Tractor खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७६/०१/२९ गते)**

यस गाउँपालिकाको चालु आ. व. २०७५/०७६ सालको स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमका उपकरणहरु शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित कम्पनी, फर्म, सप्लायर्सले फर्म दर्ता प्रमाण पत्र, गत आ.व. को फर्म कर चुक्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर मा दर्ता भई २०७६ साल आषाढ मसान्त सम्म नविकरण भएको फर्महरुबाट तपशिलमा उल्लेख भएको शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरूः**

१. यस कार्यालयलाई आवश्यक पर्ने तपशिल बमोजिमका उपकरण खरिद गर्नुपर्ने भएकोले सप्लाई गर्न ईच्छुक उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२. सूचना प्रकाशित भएको मिति देखी ३०औं दिनको कार्यालय समय भित्र बोलपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ.व. २०७४/०७५ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र, उत्पादक कम्पनीबाट नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) लाई यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको ManufacturerÚs Authorization Letter (तोकिएको ढाँचा अनुसार) का प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु निवेदन साथ पेश गरि नियमानुसार लाग्ने राजस्व दस्तुर (फिर्ता नहुने) बुझाई बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

३. खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु बोलपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मितिदेखी ३१औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गरिसक्नु पर्नेछ ।

४. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम यस कार्यालयको एन.सि.सि. बैंक लि. दंगीशरण शाखा, दाङमा रहेको ग/३ धरौटी खाता नं. ११४०००००१६३०१ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनु पर्नेछ । बैंक जमानीपत्रको म्याद बोलपत्र दाखिला गर्ने अन्तिम मिति देखी कम्तिमा १२० दिनको हुनु पर्नेछ ।

५. दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो १:०० बजे बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ, तर बोलपत्रदाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

६. रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

७. दर्ता हुन आएका बोलपत्रहरु स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क नं. ९७४९००८०४८ सम्पर्क गर्न सकिने छ ।

**तपशिल**

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु | जमानत रकम |
|---|---|---|---|---|
| DSRM/NCB/GOODS/E/01/ 2075/076 | 4WD Backhoe Loader: Max. Engine Power output not Less than 90 BHP & Max. Torque not Less than 300 Nm @governed RPM with all necessary accessories on the basis of technical specification. | थान १ (एक) | ३,०००।- | कबोल अंकको २.५० प्रतिशत |
| DSRM/NCB/GOODS/E/02/ 2075/076 | 4WD Tractor with Hydraulic Dump Trailer Minimum Capacity 4 Cu. M., Engine Max. Power output not Less than 50 BHP @governed RPM with all necessary accessories on the basis of technical specification. | थान १ (एक) | ३,०००।- | कबोल अंकको २.५० प्रतिशत |

**प्रमुख प्रशासकिय अधिकृत**